**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

## प्रेस विज्ञप्ति – २०६७ वैशाख १९

विस्तारित हडतालप्रति राष्ट्रसंघद्वारा चिन्ता व्यक्त

वैशाख १९, काठमाडौं ।

एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को अनिश्चितकालीन बन्दको पहिलो दिनको अनुगमनका लागि उच्चायुक्तको कार्यालयले देशभरि १६ वटा टोलीहरू खटाएको थियो । सामान्यतया शान्त रहे तापनि केही ससाना घटना र अवस्थाहरू नेपाल प्रहरी र एनेकपा (माओवादी) का कार्यकर्ताहरूले हस्तक्षेप नगरेका भए बढ्न सक्ने थिए । प्रदर्दशनकारीहरू र सुरक्षा फौज दुवैले संयमता अपनाए र मूठभेड वा हिंसा निम्त्याउन सक्ने गतिविधिबाट टाढा रहे ।

यद्यपि, विस्तारित हडतालले नेपालभरिका समुदायहरूमाथि पार्ने प्रभावका बारेमा उच्चायुक्तको कार्यालय गम्भीर रूपमा चिन्तित छ । एनेकपा (माओवादी) का कार्यकर्ताहरू देशका कतिपय ठाउँका विद्यालयभित्र प्रवेश गरे र परीक्षा सञ्चालन हुनबाट रोके भन्ने रिपोर्टहरू खास गरी चिन्ताका विषय हुन् । उच्चायुक्तको कार्यालयका अनुगमनकर्ताहरूले विरोध प्रदर्शनका आयोजकहरू समक्ष प्रदर्शनमा ठूलो सङ्ख्यामा उपस्थित बालबालिकाको विषयमा चिन्ता व्यक्त गरे । केही बालबालिकाहरू सक्रिय रूपमा बन्दको सञ्चालनमा सहभागी समेत थिए । स्थानीय बासिन्दाहरूले बन्दको प्रभाव र प्रदर्शनको सहयोगार्थ व्यापारीहरूलाई चन्दा दिन बाध्य बनाएको बारे दुखेसो अझै पनि पोखिरहेका छन् ।

"आजका ऱ्याली र प्रदर्शनहरूमा सुरक्षा फौज र प्रदर्शनकारीहरू दुवै धेरै जसो समय शान्त रहे । तर के कुरा बढ्दो रूपमा प्रष्ट छ भने वर्तमान अवस्था रहिरहन सक्दैन," उच्चायुक्तको कार्यालयका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो। "वर्तमान गतिरोधको शान्तिपूर्ण समाधान खोज्नका लागि नेपालका सबै राजनीतिक नेतृत्वहरू एक ठाउँमा आउनुपर्छ र सबै नागरिकहरूको अधिकार उपभोग गर्ने क्षमतालाई नकारात्मक रूपमा प्रभाव पार्ने विस्तारित हडतालबाट पछि हट्नुपर्छ ।"

**For further information contact Chun B. Gurung, tel: 4280164,**
**Ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org**
**Website: http://nepal.ohchr.org**